# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

२०७५ असार ४

### निःशुल्क कानुनी सहायता सम्बन्धी छलफल सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोगले २०७५ असार ४ गते निःशुल्क कानुनी सहायता सम्बन्धमा सरोकारवालाविच छलफल गरेको छ ।

छलफलमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले निःशुल्क कानूनी सहायता सम्बन्धमा शुरुवातका दिनको तुलनामा सुधार हुँदै आएको तर पर्याप्त भने नभएको बताउँनुभयो । उहाँले सर्वसाधारणको न्यायमा पहुँच पुर्‍याउनका लागि नेपाल वार एशोसिएशनको महत्वपूर्ण भूमिका रहने समेत बताउनुभयो ।

छलफलमा नेपाल वार एशोसिएशनका उपाध्यक्ष मोतिराज गौतम लगायतका कानुन विज्ञहरुले निःशुल्क कानुनी सहायता सम्बन्धी ऐनमा सुधार गरी समय सान्दर्भिक बनाउनु पर्ने भनाई राखेका थिए । छलफलको क्रममा देश संघीय संरचनामा प्रवेश गरेसँगै निःशुल्क कानुनी सहायताको व्यवस्था हरेक स्थानीय तहमा पुर्‍याउनु पर्ने, एकीकृत कानुनी सहायताको नीति तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने, नेपाल वार एशोसिएशन, अदालत, सरकारी वकील, नेपाल प्रहरी लगायत सेवा प्रदायक निकायहरुविच प्रभावकारी समन्वय हुनुपर्नेमा वक्ताहरुले जोड दिएका थिए ।

कानुनी सहायता एवं न्यायमा पहुँच सम्बन्धमा नेपालको संविधानमा उल्लेखित व्यवस्था, राष्ट्रिय मानव अधिकार आयोग ऐन एवं मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानुनहरुको कार्यान्वयन अवस्था सम्बन्धमा आयोगले रसुवा, नुवाकोट र सप्तरी जिल्लामा स्थलगत अनुगमन सम्पन्न गरेको थियो । अनुगमनबाट प्राप्त तथ्यहरु प्रस्तुत गर्दै आयोगका मानव अधिकार अधिकृत श्यामबाबु काफ्लेले वैदेशिक रोजगारको नाममा हुने कुनैपनि पक्षलाई यसले समेट्न नसकेको, सामाजिक रुपमा असक्षम व्यक्तिलाई कानुनी सेवा प्रदान हुन नसकेको, निःशुल्क कानुनी सहायता सम्बन्धमा नागरिकको विश्वास कमजोर रहेको बताउनुभयो ।

छलफलमा आयोगका सचिव, कानुन व्यवसायीहरु, आयोगका कर्मचारीहरु लगायतको सहभागिता रहेको थियो ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org